# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड

## ३१ औं वार्षिक साधारण सभाको
## निर्णय पुस्तिका (माइन्युट)

यूनाइटेड अजोड
इन्स्योरेन्स लिमिटेड
United by Trust

मिति : २०८२ साल असार महिना ३० गते सोमबार तद्अनुसार (१४ जुलाई, २०२५)

समय : बिहान १०:३० बजे

स्थान : अम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं ।

# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको
# साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभा :

यस यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको मिति २०८२ साल असार ०८ गते आइतबार बसेको सञ्चालक समितिको ६२ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाइएको कम्पनीको ३१ औं साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री आजाद श्रेष्ठज्यूको सभापतित्वमा देहायको मिति, स्थान र समयमा तपसिलका विषयहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण निम्न बमोजिम रहेको छ :-

२. सूचना प्रकाशन तथा सभा भएको मिति, स्थान र समय :

२.१ सूचना प्रकाशन:

मिति **२०८२** साल **असार ०८** गते आइतबार बसेको यस कम्पनीको सञ्चालक समितिको **६२** औं बैठकको निर्णयानुसार ३१ औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय तथा छलफल हुने विषयहरु खुलाई त्यसको सूचना **मिति २०८२ साल असार ०९** गते सोमबार **कारोबार राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक, मिति **२०८२ साल असार १५ गते** आइतबार **कारोबार राष्ट्रिय दैनिक पत्रिकामा** दोस्रो पटक र मिति **२०८२ साल असार २३ गते** सोमबार **नागरिक राष्ट्रिय दैनिक पत्रिकामा** तेस्रो पटक सूचना प्रकाशित गरिएको तथा कम्पनीको वेवसाईट www.unitedajodinsurance.com मा समेत सूचना राखी शेयरधनी महानुभावहरुलाई साधारण सभा सम्बन्धी जानकारी यथा समयमा नै गराईएको थियो ।

२.२ सभा भएको मिति, स्थान र समय :

मिति : २०८२ साल असार ३० गते, सोमबार (तदनुसार १४ जुलाई, २०२५)
स्थान : अम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाण्डौं ।
समय : बिहान १०:३० बजे ।

. ३. उपस्थिति :

क. सञ्चालक समितिका अध्यक्ष तथा संचालकहरुको उपस्थिति:

१. अध्यक्ष, श्री आजाद श्रेष्ठ ,
२. सञ्चालक, श्री बिपीन सुवेदी ,
३. सञ्चालक, श्री बलराम खनाल
४. सञ्चालक, श्री शम्भु अधिकारी
५. सञ्चालक, श्री विष्णु प्रसाद नेपाल
६. सञ्चालक, श्री संगीता के.सी.
७. सञ्चालक, श्री विलसन मान रंजित

(ख) कम्पनीका पदाधिकारीहरु :

१. प्रमुख कार्यकारी अधिकृत, श्री कमल गौतम
२. नायब प्रमुख कार्यकारी अधिकृत श्री रेना रिजाल
३. महाप्रबन्धक, श्री संजय अर्याल
४. महाप्रबन्धक, श्री काशीनाथ बुर्लाकोटी
६. सहायक महाप्रबन्धक, श्री डोरिन्द्र राज दहाल
७. सहायक महाप्रबन्धक/कम्पनी सचिव, श्री बैद्यनाथ प्रसाद उपाध्याय (पोखरेल)

(ग) प्रतिनिधि :

१. बाह्य लेखापरीक्षक प्रतिनिधि, चार्टर्ड एकाउन्टेन्टस् श्री किरण डंगोल
२. आन्तरिक लेखापरीक्षक, चार्टर्ड एकाउन्टेन्टस् श्री सचेत लाल श्रेष्ठ
३. सहायक रजिष्ट्रार, श्री बेदप्रसाद खतिवडा (प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय)

(घ) उपस्थित शेयरधनीहरु :

| विवरण | संस्थापक संख्या | प्रतिशत (चुक्ता पूँजी) | सर्वसाधारण संख्या | प्रतिशत (चुक्ता पूँजी) | जम्मा प्रतिशत (चुक्ता पूँजी) |
|---|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | ४० | ३९.४२ | ६२५ | ११.९७ | ५१.३९ |

(ङ) उपस्थित शेयरधनीहरुको संख्या :

| उपस्थित विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी | ४० | ६२५ | ६६५ |
| शेयर संख्या | ८२,७७,७८५ | २१,५४,६४३ | १,०७,९२,४२८ |
| शेयर प्रतिशत (चुक्ता पूँजी) | ३९.४२ | ११.९७ | ५१.३९ |

## ४. सभाको वैधानिकता :

### (क) गणपूरक संख्या :

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ५ बमोजिम साधारण सभा सञ्चालनका लागि बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत शेयरको प्रतिनिधित्व भए पुग्नेमा ५१.३९ प्रतिशत शेयरधनी उपस्थिति भएकोले आवश्यक गणपुरक संख्या पुरा भएको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा जानकारी गराइयो ।

### (ख) सभाको सभापतित्व :

साधारण सभा हुनु अघि कम्पनी सचिव बैद्यनाथ प्रसाद उपाध्यायले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो ।



यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड United by Trust

कम्पनी ऐन २०६३ को दफा ७४(१) बमोजिम साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री आजाद श्रेष्ठज्यूले गर्नु भएको थियो । उक्त सभामा सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू तथा व्यवस्थापनबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत अन्य पदाधिकारीहरुलाई स्वागत गर्दै मञ्चमा आसन ग्रहण गराइएको थियो र सभाका सभापतिज्यूले कानूनतः आवश्यक प्रक्रिया पुरा भएकोले छलफलका बिषयसूची अनुसार सभाको कार्यवाही अगाडी बढाउन सभा सञ्चालक एवं कम्पनी सचिवलाई निर्देशन भए पश्चात सभाको कारवाही अघि बढाइयो ।

५. छलफलका विषयसूचि :

**क) सामान्य प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने बारे ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह सहितको विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने बारे ।

३) लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने बारे (वर्तमान लेखापरीक्षक श्री जे.बी.राजभण्डारी एण्ड डिबिन्स चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिको लागि योग्य रहेको) ।

४) सञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/- (अक्षरेपी दुई अर्ब दश करोड) मा ०.५२६३ (शून्य दशमलव पाँच दुई छ तीन) प्रतिशतका दरले हुने नगद लाभांश रु. १,१०,५२,६३१।५८ (अक्षरेपी एक करोड दश लाख बाउन्न हजार छ सय एकतीस पैसा अन्ठावन्न) प्रस्तावित लाभांशको कर प्रयोजनार्थ पारित गर्ने बारे ।

५) सञ्चालकहरुको नियुक्ति अनुमोदन गर्ने बारे ।

**ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/-(अक्षरेपी दुई अर्ब दश करोड) को १० (दश) प्रतिशतले हुन आउने रकम रु.२१,००,००,०००/-(अक्षरेपी एक्काइस करोड) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने बारे ।

२) श्री नेपाल बीमा प्राधिकरणले निर्जीवन बीमा व्यवसायको न्यूनतम चुक्ता पूँजी रु. २ अर्ब ५० करोड कायम गर्न दिएको निर्देशन बमोजिम मिति २०८१।०२।३१ गते बसेको कम्पनीको विशेष साधारण सभाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.२,१०,००,००,०००/-(अक्षरेपी दुई अर्ब दश करोड) को १५ (पन्ध्र) प्रतिशतका दरले हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गरिएको भएतापनि कम्पनीको आ.व. २०८०।८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/-(अक्षरेपी दुई अर्ब दश करोड) को १०(दश) प्रतिशतका दरले बोनस शेयर जारी गर्न प्रस्ताव गरिएको र सो पश्चात कायम हुने कम्पनीको चुक्ता पूँजी रु.२,३१,००,००,०००/-(अक्षरेपी दुई अर्ब एकतीस करोड) को १० (दश) प्रतिशत अर्थात प्रत्येक १०० कित्ता शेयर बराबर १० कित्ताका दरले हकप्रद शेयर परिमार्जन गरी जारी गर्ने



यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
United by Trust

तथा हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको जारी पूँजी रु.२,५४,१०,००,०००।-(अक्षरेपी दुई अर्ब चौवन्न करोड दश लाख) र चुक्ता पूँजी रु.२,५४,१०,००,०००।-(अक्षरेपी दुई अर्ब चौवन्न करोड दश लाख) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रमा भएको जारी पूँजी र चुक्ता पूँजी सम्वन्धी व्यवस्था संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

३) नियमावलीको नियम ३१(१)(ख) मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने बारे ।

४) संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

ग) विविध :

**६. प्रमुख कार्यकारी अधिकृतज्यूबाट स्वागत मन्तव्य :**

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री कमल गौतमले सञ्चालक समितिका अध्यक्ष, सदस्य, नियामक निकायका प्रतिनिधि, पत्रकार, सहकर्मी कर्मचारीहरु लगायत वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई कम्पनीको व्यवस्थापन तथा व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दै कम्पनीको वर्तमान अवस्था बारे प्रकाश पार्नु भयो ।

**७. सभाका सभापतिज्यूबाट मन्तव्य प्रस्तुति :**

कम्पनीको वार्षिक साधारण सभाका सभापति एवं सञ्चालक समितिको अध्यक्ष श्री आजाद श्रेष्ठ ज्यूले सञ्चालक समितिको तर्फबाट आफ्नो मन्तव्य सभा समक्ष प्रस्तुत गर्नु भयो । तत्पश्चात् सभापतिज्यूले सञ्चालक समितिको प्रतिवेदन सहितको लेखापरीक्षकको प्रतिवेदन, आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह सहितको विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरि पारित गर्न अनुरोध गर्दै अन्य प्रस्तावहरु उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा र सुझाव भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

**८. सभापतिज्यूको आव्हान बमोजिम छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

सभापतिज्यूबाट आव्हान भए पश्चात देहाय बमोजिमका शेयरधनी महानुभावहरु छलफलमा सहभागी भई आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नु भयो ।

१. श्री व्यास कुमार शर्मा
२. श्री गुण राज भट्ट
३. श्री उत्तम दत्त पाण्डे
४. श्री गोविन्द बहादुर के.सी.
५. श्री भक्ति प्रसाद उप्रेति
६. श्री रोज कुमार श्रेष्ठ
७. श्री इन्द्र कृष्ण श्रेष्ठ
८. श्री उत्सव श्रेष्ठ



यूनाइटेड अजोड
इन्स्योरेन्स लिमिटेड
United by Trust

९. श्री कृष्ण कस्यप
१०. श्री राज काजी रंजित
११. श्री जगन्नाथ आचार्य
१२. श्री लक्ष्मण बहादुर श्रेष्ठ
१३. श्री भेषराज भण्डारी
१४. श्री ब्रह्मदेव शाक्य
१५. श्री सुदिप श्रेष्ठ
१६. श्री चन्द्र नारायण श्रेष्ठ

**शेयरधनी महानुभावहरुबाट कम्पनीको वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्दै व्यक्त गरिएका अमूल्य राय, जिज्ञासा तथा सुझावहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :**

क) श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम सञ्चालक समितिबाट कम्पनीको न्यूनतम चुक्ता पूँजी २ अर्ब ५० करोड पुऱ्याउनका लागि १० प्रतिशत बोनस र १० प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव स्वागत योग्य रहेको कुरा व्यक्त गर्दै सो सम्बन्धी आवश्यक कार्य शीघ्र सम्पन्न गर्नका लागि सुझाव व्यक्त गर्नुभयो । साथै सो कार्यका लागि कम्पनीका संचालक, व्यवस्थापन तथा कर्मचारी प्रति आभार व्यक्त गर्नुभयो ।

ख) कम्पनीको स्रोत तथा साधनलाई उचित रुपमा परिचालन गर्नका लागि कर्मचारीहरुलाई समय समयमा उनीहरुको सीप तथा क्षमता वृत्ति विकास गर्नका लागि तालिमको व्यवस्था गर्नुपर्ने तथा कम्पनीले अर्को आर्थिक वर्षमा समेत १० प्रतिशत भन्दा नघट्ने गरी शेयरधनीहरुलाई लाभांश प्रदान गर्ने गरी आवश्यक कार्य गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

ग) कम्पनीले आगामी आर्थिक वर्षहरुमा आफ्ना बीमा सम्बन्धी सेवालाई थप गुणात्मक कायम गर्ने, व्यवसायिक जोखिम न्यूनीकरण गर्ने, लगानीलाई विविधिकरण गर्दै बढि भन्दा बढि नाफामुलक क्षेत्रमा लगानी गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने कुरा व्यक्त गर्नु भयो । साथै कम्पनीको आफ्नो जग्गा तथा भवन हुनुपर्ने तर्फ ध्यान दिनुपर्ने सुझाव व्यक्त गर्नुभयो ।

घ) श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गर्दा अशक्त तथा असहाय व्यक्तिहरुको लागि विशेष ध्यान दिनुपर्ने कुरा व्यक्त गर्नुभयो ।

ङ) श्री नेपाल बीमा प्राधिकरणको नीति, निर्देशन र परिपत्रको परिपालनाको लागि सजगता साथ कार्य गरी प्राधिरकणमा कम्पनीको छवी उच्च राख्नका लागि  विशेष ध्यान दिनुपर्ने तर्फ ध्यान आकृष्ट गराइयो ।

च) प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीमा पेश हुन आएका दावीहरुलाई समयमा नै फरफारक गर्ने, बीमितहरुलाई छिटो छरितो रुपमा सेवा प्रदान गर्ने, कारोबारको दायरा बृद्धि गर्ने एवं व्यवसायीक दक्षता हासिल गर्नका लागि प्रविधिमा आधारित भई बीमा सेवा प्रदान गर्ने उद्देश्य अनुरुप डिजिटल प्रविधिलाई



यूनाइटेड अजोड
इन्स्योरेन्स लिमिटेड
United by Trust

विशेष प्राथमिकतामा राखी सूचना प्रविधिमा लगानी अभिवृद्धि गर्दै वीमितलाई Online Policy जारी गर्ने व्यवस्था मिलाउने कम्पनीको भावि योजना रहेको कुरा प्रति प्रसन्नता व्यक्त गर्नु भयो ।

छ) आ.व. २०८१/०८२ र आगामी वर्षहरुमा कम्पनीले शेयरधनीहरुलाई उचित प्रतिफल दिने विश्वास व्यक्त गर्दै वार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो । साथै समय सापेक्ष रुपमा सञ्चालक समितिका सदस्यहरुको भत्ता वृद्धि गर्दा सञ्चालक समितिका सदस्यहरुमा थप उर्जा तथा सकारात्मक प्रभाव देखिने धारणा व्यक्त गर्नुभयो ।

ज) प्रचलित कानून बमोजिम कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण सम्बन्धी कार्य समयमै सम्पन्न गरी वार्षिक साधारण सभा बोलाउन सुझाव व्यक्त गर्नुभयो । साथै सञ्चालक समितिबाट नियुक्त भई साधारण सभाबाट अनुमोदन हुने संचालकहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

झ) त्यसैगरी कम्पनीको कर्मचारीको दक्षता अभिवृद्धि गर्न तालिम तथा अध्ययन व्यवस्था गर्नुपर्ने । नयाँ-नयाँ क्षेत्र तथा स्थानमा बीमा सेवा प्रदान गरी बीमा कारोबारको दायरा वृद्धि गर्नुपर्ने, यथासम्भव मितव्ययिता कायम गर्दै आगामि वर्षमा मुनाफा क्रमिक रुपमा वृद्धि गर्न विशेष ध्यान दिनुपर्ने जस्ता सुझाव तथा सल्लाह दिनुभयो ।

**९. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका राय, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर सभापतिज्यूले दिनुभएको प्रतिक्रिया तथा नीतिगत जवाफ :**

सभापतिज्यूले शेयरधनी महानुभावहरुबाट साधारण सभामा व्यक्त विचारहरु, सुझाव तथा सल्लाहलाई मनन गरी उहाँहरुले राख्नु भएका जिज्ञासाहरुलाई स्पष्ट पार्ने क्रममा निम्न अनुसार सभालाई जानकारी गराउनु भयो:

क) श्री नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम कम्पनीले न्युनतम चुक्ता पूँजी पुऱ्याउनका लागि १० प्रतिशत बोनस शेयर जारी गरिएको र सोमा नपुग भएको पूँजी हकप्रद शेयरबाट तोकिएको पूँजी पुऱ्याउने र सो सम्बन्धमा आवश्यक कार्य आगामि दिनमा शीघ्र गरिने कुरा व्यक्त गर्नु भयो ।

ख) कम्पनीले प्रदान गर्ने सेवालाई अझ प्रभावकारी तथा उत्कृष्ट बनाउन कम्पनीको उच्च व्यवस्थापन तहमा पदपूर्ति गरिएको र यसबाट कम्पनीको प्रगति तथा मुनाफामा क्रमिक रुपमा हुने वृद्धिबाट शेयरधनी महानुभावहरुले आशा गरे अनुरुप लाभांश दिन सकिने कुरा प्रति आस्वस्त रहेको कुरा साधारण सभामा जानकारी गराउनु भयो ।

ग) नेपाल सरकारले भुक्तानीलाई विद्युतिय माध्यमबाट गर्नुपर्ने कुरामा जोड दिइरहेको परिप्रेक्ष्यमा कम्पनीले पनि सोहि बमोजिम आवश्यक कार्य गर्ने जानकारी सभा समक्ष दिनु भयो ।



यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
United by Trust

घ) कम्पनीको कार्यदक्षतामा वृद्धि गर्नका लागि कम्पनीले कर्मचारी तालिम तथा शिक्षामा समेत विशेष ध्यान दिने कुरा व्यक्त गर्नु भयो ।

ङ) कम्पनीको विकास तथा प्रगतिका लागि शेयरधनीहरुको सुभाव, सल्लाहको विशेष भुमिका हुने भएको हुँदा आगामी दिनमा समेत सोको अपेक्षा गर्नु भयो ।

अन्त्यमा, वार्षिक साधारण सभामा पेश भएका सबै प्रस्तावहरु सर्वसम्मतबाट पारित गर्नका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

## १०. सभाबाट पारित प्रस्ताव तथा निर्णयहरु :

प्रस्तुत वार्षिक प्रतिवेदन उपर शेयरधनीहरुबाट प्राप्त सुभाव तथा जिज्ञासाहरुको प्रतिउत्तर भई सकेको हुँदा सभा सञ्चालक एवं कम्पनी सचिव श्री बैद्यनाथ प्रसाद उपाध्याय(पोखरेल)ले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका बिषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु सर्वसम्मतिद्वारा पारित गरियो :

### (क) सामान्य प्रस्तावहरु :

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी सर्वसम्मतिद्वारा पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह सहितको विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो ।

३) कम्पनीको ऐन २०६३ को दफा १११ बमोजिम यस कम्पनीको आ.व. २०८१/८२ को बाह्य लेखापरीक्षण (Statutory Audit), विस्तृत लेखापरीक्षण प्रतिवेदन (LFAR), कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण, संस्थागत सुशासन सम्वन्धी वार्षिक अनुपालन प्रतिवेदन प्रमाणीकरण र कर लेखापरीक्षण गर्न लागि श्री जे.वि. राजभण्डारी एण्ड दिबिन्स चार्टर्ड एकाउन्टेन्टस् कुमारीपाटी, ललितपुरलाई बाह्य लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक हकमा रु.८००,०००/- (अक्षरेपी आठ लाख) मुल्य अभिवृद्धि कर बाहेक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो ।

४) सञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/- (अक्षरेपी दुई अर्ब दश करोड) मा ०.५२६३ (शून्य दशमलव पाँच दुई छ तीन) प्रतिशतका दरले हुने नगद लाभांश रु. १,१०,५२,६३१।५८ (अक्षरेपी एक करोड दश लाख बाउन्न हजार छ सय एकतीस पैसा अन्ठावन्न) प्रस्तावित लाभांशको कर प्रयोजनार्थ प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो ।

यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड United by Trust

५) मिति २०८०।११।०८ मा बसेको कम्पनीको सञ्चालक समितिको २७ औं बैठकबाट कम्पनीको स्वतन्त्र विज्ञ सञ्चालकको पदमा श्री विष्णु प्रसाद नेपाल बीमा ऐन, २०७९ को दफा ४७ को उपदफा ४ बमोजिम एक कार्यकालको लागि र मिति २०८१।०९।२९ मा बसेको कम्पनीको सञ्चालक समितिको ४७ औं बैठकबाट सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व हुने गरी श्री संगीता के.सी. र मिति २०८२।०३।०२ मा बसेको कम्पनीको सञ्चालक समितिको ६० औं बैठकबाट सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व हुने गरी श्री विलसन मान रंजितलाई सञ्चालक समितिको रिक्त रहेको सदस्य पदमा बीमा ऐन, २०७९ को दफा ४७ को उपदफा १(ख) बमोजिम बाँकी अवधिको लागि नियुक्त गरेको हुँदा निजहरुको नियुक्ति अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो।

ख) विशेष प्रस्ताव :

१) सञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/-(अक्षरेपी दुई अर्ब दश करोड) को १० (दश) प्रतिशतले हुन आउने रकम रु.२१,००,००,०००/-(अक्षरेपी एक्काइस करोड) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो।

२) श्री नेपाल बीमा प्राधिकरणले निर्जीवन बीमा व्यवसायको न्यूनतम चुक्ता पूँजी रु. २ अर्ब ५० करोड कायम गर्न दिएको निर्देशन बमोजिम मिति २०८१।०२।३१ गते बसेको कम्पनीको विशेष साधारण सभाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.२,१०,००,००,०००/-(अक्षरेपी दुई अर्ब दश करोड) को १५ (पन्ध्र) प्रतिशतका दरले हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गरिएको भएतापनि कम्पनीको आ.व. २०८०।८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/-(अक्षरेपी दुई अर्ब दश करोड) को १० (दश) प्रतिशतका दरले बोनस शेयर जारी गर्न प्रस्ताव गरिएको र सो पश्चात कायम हुने कम्पनीको चुक्ता पूँजी रु.२,३१,००,००,०००/-(अक्षरेपी दुई अर्ब एकतीस करोड) को १० (दश) प्रतिशत अर्थात प्रत्येक १०० कित्ता शेयर बराबर १० कित्ताका दरले हकप्रद शेयर परिमार्जन गरी जारी गर्ने तथा हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको जारी पूँजी रु.२,५४,१०,००,०००।-(अक्षरेपी दुई अर्ब चौवन्न करोड दश लाख) र चुक्ता पूँजी रु.२,५४,१०,००,०००।-(अक्षरेपी दुई अर्ब चौवन्न करोड दश लाख) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रवन्धपत्रमा भएको जारी पूँजी र चुक्ता पूँजी सम्वन्धी व्यवस्था संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो।

## प्रस्तावित प्रबन्धपत्र संसोधन

**प्रबन्धपत्रको दफा ५ (ख)**

कम्पनीको जारी शेयर पूँजी रु. २,५४,१०,००,०००।- (अक्षरेपी दुई अर्ब चौवन्न करोड दश लाख) हुनेछ। सो पूँजीलाई रु. १००/- दरले २,५४,१०,००० (दुई करोड चौवन्न लाख दश हजार ) थानमा शेयर कित्ता विभाजित गरिनेछ।

प्रबन्धपत्रको दफा ५ (ग)

कम्पनीको चुक्ता पूँजी रु. २,५४,१०,००,०००।- (अक्षरेपी दुई अर्ब चौबन्न करोड दश लाख) हुनेछ । सो पूँजीलाई रु. १००/- दरले २,५४,१०,००० (दुई करोड चौवन्न लाख दश हजार ) थानमा शेयर कित्ता विभाजित गरिनेछ ।

३) नियमावलीको नियम ३१(१)(ख) मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने तथा सोही बमोजिम कम्पनीको नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्तावलाई सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो ।

## प्रस्तावित नियमावली संसोधन

नियमावलीको नियम ३१(१)(ख):

सञ्चालकको भत्ता र सुविधा सम्बन्धी व्यवस्था :

क) सञ्चालक समितिको अध्यक्षलाई संचालक समितिको प्रत्येक वैठकमा भाग लिए वापत बैठक भत्ता रु. २०,०००/- (अक्षरेपी बिस हजार) र टेलिफोन, इन्टरनेट र पत्र पत्रिका लगायतका सुविधा वापत मासिक रुपमा रु. १५,०००/- (अक्षरेपी पन्ध्र हजार ) प्रदान गरिनेछ । सञ्चालक सदस्यहरुलाई सञ्चालक समितिको प्रत्येक वैठकमा भाग लिए वापत बैठक भत्ता रु. १८,०००/- (अक्षरेपी अठार हजार) र टेलिफोन, इन्टरनेट र पत्र पत्रिका लगायतका सुविधा वापत मासिक रुपमा रु.१५,०००/-(अक्षरेपी पन्ध्र हजार ) प्रदान गरिनेछ । उपत्यका वाहिर घर हुनेको हकमा, बैठकमा भाग लिन आउँदा जाँदाको यातायात खर्च वा हवाई टिकटको रकम प्रदान गरिने छ ।

ख) सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई अन्य समिति तथा उपसमितिको बैठकमा भाग लिए वापत सञ्चाालक समितिको बैठक भत्ता सरहको भत्ता र यातायात खर्च वा हवाई टिकटको रकम प्रदान गरिनेछ ।

४) संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिद्वारा पारित गर्ने निर्णय भयो ।

### ग) विविध :

विविध अन्तर्गत कुनैपनि प्रस्ताव नभएको ।

### ११. धन्यवाद ज्ञापन/सभा विसर्जन :

शेयरधनी महानुभावहरुबाट वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएका मन्तव्य, सुझाव, जिज्ञासा तथा टिप्पणीहरु सञ्चालक समितिका लागि निकै सकारात्मक एवं मार्गदर्शक भएको उल्लेख गर्नु हुँदै ३१ औं वार्षिक साधारण सभालाई सुचारु रुपले संचालन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्नु हुने



यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड
United by Trust

सञ्चालक समितिका सदस्यज्यूहरु, शेयरधनी महानुभावहरु, प्रमुख कार्यकारी अधिकृत, लेखापरीक्षकज्यूहरु विभिन्न निकायबाट उपस्थित प्रतिनिधिज्यूहरु लगायत सम्पूर्ण कर्मचारी एवं अन्य सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नु पर्ने अन्य कुनै विषय बाँकी नभएकोले सभापतिज्यूले दिनको १:०० बजे सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

बैद्यनाथ प्रसाद उपाध्याय
कम्पनी सचिव

आजाद श्रेष्ठ
सभाका सभापति